# सरुमारानी गाउँपालिका प्यूठान समक्ष

# पेश गरिएको आ.व. २०७८/०७९ को दोश्रो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको

।।।

## प्रतिवेदन

।।।


**प्रतिवेदन पेश गर्ने**

यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, नेपाल

*(सामुदायिक रेडियो कृपालु)*

खलंगा प्यूठान


CamScanner

**१. सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :**

आयोजक : सरुमारानी गाउँपालिका, प्यूठान

सहजिकरण : यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, नेपाल

संयोजन/सहजकर्ता : सुजल श्रेष्ठ

**२. सुनुवाई गरिएका विषयवस्तुहरु :**

क) गाउँपालिकाले आ.व. ०७८/०७९ को दोश्रो चौमासिकमा संचालन गरेका गतिविधिहरुको प्रगति प्रतिवेदन प्रस्तुत गरियो ।

ख) गाउँपालिकाले बनाएका कानुन, नीति नियम, विकास योजना एवं गतिविधिहरुको बारेमा सुनुवाई गरी जिज्ञासा, सुझाव एवं गुनासो संकलन गरियो ।

ग) कार्यक्रम पूर्व संकलन गरिएको नागरिक प्रतिवेदन र बर्हिगमन अभिमत पत्रको प्रतिवेदन प्रस्तुत गरि गाउँपालिका अध्यक्ष श्री झगबहादुर विश्वकर्मा र प्रमुख प्रशासकीय अधिकृत चिन्तामणि रेग्मीवाट जवाफ तथा प्रतिवद्धता लिइयो ।

**३. कार्यक्रम आयोजना स्थल :**

बहुउद्देश्यीय सभाहल वड्डाँडा, प्यूठान

**४. कार्यक्रम आयोजना गरिएको मिति र समय :**

मिति : २०७८ चैत्र ७ गते

समय : दिउँसो २:३० वजेदेखि ७:०० बजेसम्म

**५. कार्यक्रम संचालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :**

चार घण्टा ३० मिनेट

यूथ मिडिया डेभलप्मेन्ट सेन्टर
स्था. : २०६७
खलंगा, प्यूठान

CamScanner

## ६. बहिरगमन अभिमत पत्र (Exit Poll) बाट :

बर्हिगमन अभिमत संकलनका क्रममा संकलन भएका सवालहरु :

| क्र.सं. | सवालहरु | जवाफदेहि व्यक्ति, कार्यालय वा संस्था | जवाफ |
|---|---|---|---|
| १. | खरका छाना मुक्त हुन सकेन । सरुमारनी ३ मा अझै ४९ वटा घर खरका छाना छन् । | अध्यक्ष | जनता आवास मार्फत बनेका घरको भुक्तानी हुन नसक्दा बाँकी रहेका हुन् । नयाँ बनेका घरहरु बाँकी छन् । |
| २. | बड्डाँडामा विक्रि वितरण हुने कृषि उपज सामाग्रीको दररेट निर्धारण हुनुपर्ने । | अध्यक्ष | गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्दैन । समन्वय गर्छौ । |
| ३. | कृषि अनुदानका कार्यक्रमहरु मनमर्जि तरिकाले वितरण गरेको भन्ने गुनासो । | अध्यक्ष | कार्यविधि बनाई वितरण गर्ने गरेको । धेरै नपाउने भएकाले समस्या देखिएको । |
| ४. | पालिका स्तरीय अस्पताल निर्माणका लागि डिपिआर समेत हुन सकेन । बंगारेभिरमा जग्गा दिन्छौं भन्दा पनि अर्को ठाँऊ लगियो । जग्गा पुगेन । | अध्यक्ष | डिपिआरको काम भएको छ । जग्गा पुगेको छैन । थोरै थप्नु पर्ने भएको छ । अनुरोध गरेका छौं । |
| ५. | बड्डाँडा मान्द्रे सडक अधुरो हुँदा जनताले सास्ती पाए । | अध्यक्ष | दाङसिंह सम्म पुगेको छ । त्यहाँ जनता खुसि छन् । मान्द्रे सम्म पुऱ्याउँदै छौं । |
| ६. | सरुमारानी ४ धनकोट हुँदै भिंगृखोला जाने सडक अधुरे रहयो । | अध्यक्ष | ठेक्का मार्फत बचेको बजेटको पुनः ठेक्का गर्दैछौं । पुरा हुन्छ । |
| ७. | हंसपुर बृहत खानेपानी आयोजना किन अझै भएन । | अध्यक्ष | अन्तिम चरणमा छ । वैशाख १ गते भित्रै सञ्चालनमा ल्याउँदछौं । |
| ८. | १ नं. वडा कार्यालयमा आफ्नो गेट पनि छैन, पिउने पानी छैन, शौचालय व्यवस्थित छैन । | अध्यक्ष | त्यो गेट पनि पालिकाले नै बनाएको हो । पानीको सुविधा भएपछि सबै हल हुन्छ । |
| ९. | २ नं. वडा कार्यालय क्षेत्रमा सडक वत्तिको व्यवस्था हुनुपर्ने । | अध्यक्ष | प्रक्रियामा छ । छिट्टै कार्यान्वयन हुन्छ । |
| १०. | बजार सरसफाईमा ध्यान दिनुपर्ने । | अध्यक्ष | स्थानीयको सहयोगको आवश्यकता छ । |
| ११. | विद्यालयहरुमा अपांगमैत्री, बालमैत्री खानेपानी, शौचालय बनाउनु पर्ने (३ नं. वडा) | अध्यक्ष | आगामी दिनमा ध्यान दिइनेछ । |
| १२. | ३ नं. वडा कार्यालयमा समेत खानेपानीको समस्या | अध्यक्ष | व्यवस्थापन गर्छौं । |

CamScanner

| | | | |
|---|---|---|---|
| १३. | विद्युत विस्तारलाई व्यवस्थित गर्नुपर्ने, पोल टाढाटाढा भएको । ( ३ नं. वडा ढावमा) | अध्यक्ष | पोल थप्ने, थ्री फेज र ट्रान्सफर्मरका लागि पहल गर्छौं । आवश्यक छ । |
| १४. | बाखा खोर सुधार कार्यक्रम ल्याउनुपर्ने । | अध्यक्ष | हेफरसँगको साझेदारीमा कार्यक्रम अघि बढाइएको छ । |
| १५. | बालविकास आधारभुत विद्यालय सरुमारानी २ मा जिर्ण भवन मर्मत गर्नुपर्ने । | अध्यक्ष | मर्मत होइन । नयाँ बनाउनु पर्ने आवश्यकता छ । पहल भैरहेको छ । |
| १६. | बास्तविक किसानले अनुदान पाएनन् । २ नं. वडा रत्ने, ढाडा | अध्यक्ष | वितरण गरेका छौं । क्रमशः सबै किसानसम्म पुग्छौं । |
| १७. | बड्डाँडा, धनकोट, बुढिचौर हुँदै सौराकोट सडक बन्न नसकेको । डिपिआर भएको भनिए पनि काम नभएको । | अध्यक्ष | यो संघीय सरकारको योजना हो । पहिलेको सरकारले विनियोजन गरेको बजेट वर्तमान सरकारले कटौती गरेकोले शुरु हुन सकेन । |
| १८. | बायुपंखे चुलो वितरण विपन्न वर्गमा पुग्न सकेन । टाठाबाठाले पाए । | अध्यक्ष | सूचना प्रवाहलाई प्रभावकारी बनाइनेछ । |
| १९. | सिफारिस शुल्क मगंहो भएको । ( सुधार गर्नुपर्ने सिफारिसहरुमा समेत पुनः शुल्क तिर्नुपरेको ।) | अध्यक्ष | सिफारिस शुल्क समायोजन भन्दा पुनः सोहि कामको लागि शुल्क लाग्दैन । |
| २०. | छत्रवास बालविकास भवन निर्माण पुरा किन हुन सकेन ? | अध्यक्ष | केहि काम बाँकी छ । यसै वर्ष पुरा हुन्छ । |
| २१. | रेडक्रस भवन अधुरो भयो ? मञ्च पुरा हुन सकेन । | अध्यक्ष | पालिकाको सहयोगमा भवन निर्माण भएको हो । केहि काम सम्वन्धीत संस्थाले पनि गर्नुपर्‍यो । |
| २२. | वडा कार्यालयमा कर्मचारी अभाव छन् । (१ नं. वडा) | प्र.प्र.अ. | कर्मचारी अभाव छैनन् । कर्मचारीको कार्यक्षमता बृद्धिमा सहयोग गर्छौं । |

**बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-**

(गाँऊपालिका र वडा कार्यालयबाट सेवा लिई फर्किएकाहरु सहभागी)

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | १८ | ३२ | ५ | ६ | ५ | ११ | ४ | ५ | ४ | ९ | ० | १ | |

CS CamScanner

## २. नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) बाट :

**नागरीक प्रतिवेदन पत्र संकलनका क्रममा संकलन भएका सवाल तथा सुझावहरु :**

| क्र.सं. | सवालहरु | कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १. | सार्वजनिक महत्वका सूचनाहरु समयमै पुग्न नसकेको । वडा कार्यालय मार्फत वस्ति सम्म पुर्‍याउनु पर्ने । कतिपय सूचना म्याद गुज्रिएपछि थाहा हुने गरेको । | पालिका | सूचना प्रवाहलाई प्रभावकारी बनाउन सबै संयन्त्र कृयाशिल बनाउनेछौं । | |
| २. | थक्लेनी मुर्कुटी सडकको बायखोलामा कल्वर्ट बने पनि जालि लगाएर संरक्षण गर्नुपर्ने । बजेट अनुसार पुरा काम किन नभएको ? बजेट अनेत्र लगिएको । | पालिका | ठेक्काबाट बचेको रकमबाट कल्वर्ट बनाउने योजना छ । यसै वर्ष सम्पन हुन्छ । | |
| ३. | दररेट बजार भाउ अनुसार नभएको गुनासो | पालिका | समन्वय गर्छौ । | |
| ४. | घोप्टेचार खानेपानीको काम सम्पन्न भएको तर भुक्तानी नभएको गुनासो । | पालिका | प्राविधिकलाई पठाई अन्तिम प्रतिवेदन तयार गरी भुक्तानी गर्नेछौं । | |

**नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण (सार्वजनिक सुनुवाई संचालन हुने सेवा क्षेत्र भित्रका सहभागीहरु)**

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | १७ | ३३ | ३ | ५ | ८ | १३ | ५ | ७ | १ | ८ | ० | ० | |

## ८. सार्वजनिक सुनुवाईमा उठेका प्रश्न/जिज्ञासा र उत्तर (मुख्य-मुख्य) :

| क्र.सं. | प्रश्नकर्ता गुनसो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकारी व्यहोरा |
|---|---|---|---|---|
| १. | जागेश्वर पोखेल सरुमारानी २ | - एउटा छानामा तीन थरी रङको जस्तापाता कसरी भयो ?<br>- गनाहा खानेपानी समस्या कहिले समाधान हुन्छ । | वडा अध्यक्ष | - शुरुमा प्राविधिकले स्टमेट गर्दा कै टिन उपलब्ध गराएका हौं । टिन छाउँदा घर ठूलो बनाएकाले त्यस्तो भएको हो ।<br>- एक घर एक धारा अभियानमा छौं । निर्माण भैरहेको छ । |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २. | गुप्तबहादुर राना | - पाइप वितरण कहिले हुने हो । <br> - कर्मचारीको व्यवहार राजनीतिक भयो सुधार गर्नुपर्यो । <br> - अनुगमनलाई सर्वदलिय बनाउनु पर्यो । | अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | - ढिलो भएकै हो । यस वर्षको खरिद गर्दैछौं । माग अनुसार पुऱ्याउनका लागि सँगै वितरण गर्दैछौं । <br> - कर्मचारीहरुले आफ्नो काम गर्ने हो, राजनीतिक पुर्वाग्रह गर्नुहुँदैन । त्यसो भए तत्काल सुधार गर्न निर्देशन । <br> - अनुगमन संयन्त्र पालिकाको आफ्नै हुन्छ । दलहरुले आफ्नै ढङ्गले अनुगमन गरी सुझाव दिन सक्नुहुनेछ । |
| ३. | लक्ष्मण जि.सी. | - निर्वाचन नजिँकीदै गर्दा नयाँ निर्णय नगरियोस् । | अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | - गाउँ सभाबाट सबै निर्णय माघ महिनामै भएका छन् । आचारसंहिता लाग्यो भने नयाँ निर्णय आउँदैनन् । |
| ४. | उमबहादुर खाम्चा | - फेसवुक, वेवसाइटको कुरा हुन्छ, धेरै बस्तीहरुमा फोन समेत लाग्दैन । | अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत | टावर थप गर्ने बारे टेलिकमसँग कुरा भैरहेको छ । छिट्टै समाधान हुन्छ । |
| | | | | |

प्रतिवेदन दिइएको मिति : २०७८ चैत्र ७ गते

सार्वजनिक सुनुवाई संयोजकको दस्तखत :

युथ मिडिया डेभलपमेन्ट सेन्टर स्था. : २०६७ बलंगा, प्युठान

CS CamScanner

https://pyuthansamachar.com/8459/

# सरुमारानी गाउँपालिकाको सार्वजनिक सुनुवाई : पर्वाग्रह विना काम भएका छन्

प्यूठान समाचार सम्वाददाता ७ चैत्र २०७८, सोमबार २०:३३ स्थानीय सरकार 0

**प्यूठान ।** सरुमारानी गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्माले पालिकाभित्रको विकास निर्माणमा राजनैतिक पूर्वाग्रह विना काम भएको बताउनुभएको छ । गाउँपालिकाको दोस्रो चौमासिक चौमासिक कार्यक्रममा बोल्दै अध्यक्ष विश्वकर्माले पालिका भित्रका सबैको अपनत्व हुनेगरी पालिकाले योजना निर्माण गरेर काम अघि बढाएको बताउनुभयो ।




खरको छाना मुक्त अभियान पुरा हुन नसकेको प्रश्नमा उहाँले केन्द्र सरकारले सुरक्षित आवास कार्यक्रम लागु गरेपछि पालिकाले उक्त योजना नराखेको र केन्द्र सरकारले बजेट निकासा नगर्दा अभियान अघि बढाउन नसकेको बताउनुभयो । "बस्तीका बस्ती खरका छाना मुक्त भएको छ," उहाँले भन्नुभयो, "दोहोरो बजेट पर्ने भएकाले कार्यक्रम रोकिएको र सरकारले बजेट नपठाउँदा काम रोकिएको छ ।" कार्यक्रमबाट सम्पन्न गरेका व्यक्तिलाई समेत बजेट नआउँदा भुक्तानी दिन नसकिएको उहाँको भनाई छ ।

CS CamScanner

कृषि अनुदान मनमर्जी वितरण गरेको भन्ने गुनासोमा अध्यक्ष विश्वकर्माले भन्नुभयो, “यो असत्य हो, पाउनुपर्ने अनुदान कृषकले नै पाएका छन मात्र नपाउने कृषक धैरै छन् ।” केहि मानिसले मात्र अनुदान पाउने समस्या हल गर्न सामुहिक अनुदान वितरण गर्ने अभ्यास गर्नुपर्ने बताउनुभयो । “वल्लो घरकाले पाउने, पल्लो घरकाले नपाउने अवस्था छ,” उहाँले भन्नुभयो,“सामुहिक वितरणले मनमुटाव कम गर्छ ।” पालिका स्तरीय अस्पताल निर्माण हुन नसकेको भन्दै उठेको प्रश्नमा अध्यक्ष विश्वकर्माले डिपिआरको काम सम्पन्न भएको बताउनुभयो । जग्गा व्यवस्थापनका लागि पहल भैरहेको उहाँले बताउनुभयो ।





बड्डाँडामा मान्द्रे सडक अधुरो भएको प्रश्नमा दानसिंहसम्म पुगेकाले जनताले राहत पाएको अध्यक्ष विश्वकर्माले बताउनुभयो । हंसपुर वृहत खानेपानी योजना किन सम्पन्न भएन भन्ने विषयमा अध्यक्ष विश्वकर्माले भन्नुभयो, “स्थानीय तहहरुले आयोजना गरेको आयोजनाभन्दा सवैभन्दा ठूलो आयोजना हो ।” साढे ३ सय घरधुरीलाई पानी खुवाउने ठूलो योजना भएको उहाँले बताउनुभयो । खानेपानी अयोजना अन्तिम चरणमा छ । पाइप जडान, इनार, ट्यांकीका संरचना, विद्युतिकरण, मेनलाईन जडान सम्पन्न भएको बताउनुभयो । अहिले घरमा पुग्ने पाइपलाईन, मोटर जडान गर्ने तयारी भएको अध्यक्ष विश्वकर्माले बताउनुभयो । “सम्भव भएसम्म चैतभित्र, भएनभने बैशाख १ गते कोटघरको धारा उद्घाटन गर्ने तयारीमा छौं ।”

सहजकर्ताले संकलन गरेको अभिमत पत्र र नागरिक प्रतिवेदन पत्रमा आएकमा प्रश्न, जिज्ञासा र सुझाव कार्यक्रममा प्रस्तुत गरिएको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत चिन्तामणी रेग्मीले दोस्रो चौमासिकसँग हालसम्मको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । युथ मिडिया डेभलप्मेन्ट सेन्टरको सहजीकरणमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

# सरुमारानी गाँऊपालिका प्यूठान समक्ष

## पेश गरिएको आ.व. २०७८/०७९ को दोश्रो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको लागि पुर्व प्रतिवेदन

मिति : २०७८ चैत्र ६ गते

<u>प्रतिवेदन पेश गर्ने</u>

**यूथ मिडिया डेभलप्मेन्ट सेन्टर**

**खलंगा, प्यूठान**

CamScanner

## १. पृष्ठभूमी :

सेवाप्रदायक निकाय (स्थानीय सरकार) र सेवाग्राही (नागरिक)हरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनलाई नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति २०६८।०१।१२ को निर्णय अनुसार स्वीकृत "स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७" जारी गरिएको छ ।

स्थानीय सरकारबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने उद्देश्यले ***सरुमारानी गाँऊपालिकाको कार्यालयको आयोजना र यूथ मिडिया डेभलप्मेन्ट सेन्टरको सहजिकरण***मा आ.व. २०७८/०७९ को दोश्रो चौमासिक *सार्वजनिक सुनुवाई कार्यक्रम २०७८ चैत्र गते सरुमारानी गाउँपालिका वडा नं. ४ स्थित बहुउदेश्यीय सभाहल बड्डाँडामा* संचालनका लागि पूर्व अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

<u>सार्वजनिक सुनुवाई गर्ने संस्था वा व्यक्ति :</u>

*आयोजक : सरुमारानी गाँऊपालिकाको कार्यालय, प्यूठान*

*सहजिकरण : यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, खलंगा प्यूठान*

सहजकर्ताको नाम : सुजल श्रेष्ठ

१) अध्ययन गरिएको क्षेत्र : बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-
*गाँऊपालिकाको कार्यालय, १, २, ३, ४, ५ र ६ नम्बर वडा कार्यालयबाट सेवा लिई फर्किएकाहरु सहभागी*

२) नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण :-
*सार्वजनिक सुनुवाई संचालन हुने बड्डाँडा सेवा क्षेत्र भित्रका सहभागीहरु र विभिन्न वडाका सेवाग्राही*

अध्ययन गरिएको अवधि :

मिति : २०७८ फागुन २७ गतेदेखि चैत्र ६ गतेसम्म ।

यूथ मिडिया डेभलप्मेन्ट सेन्टर, स्था. : २०६७, खलंगा, प्यूठान

## १. वहिर्गमन अभिमत पत्र (Exit Poll) बाट :

बर्हिगमन अभिमत संकलनका क्रममा संकलन भएका सवालहरु :

| क्र.सं. | सवालहरु | जवाफदेहि व्यक्ति, कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १. | खरका छाना मुक्त हुन सकेन । सरुमारनी ३ मा अझै ४९ वटा घर खरका छाना छन् । | अध्यक्ष | | |
| २. | वड्डाँडामा विक्रि वितरण हुने कृषि उपज सामाग्रीको दररेट निर्धारण हुनुपर्ने । | अध्यक्ष | | |
| ३. | कृषि अनुदानका कार्यक्रमहरु मनमर्जि तरिकाले वितरण गरेको भन्ने गुनासो । | अध्यक्ष | | |
| ४. | पालिका स्तरीय अस्पताल निर्माणका लागि डिपिआर समेत हुन सकेन । बंगारेभिरमा जग्गा दिन्छौं भन्दा पनि अर्को ठाँऊ लगियो । जग्गा पुगेन । | अध्यक्ष | | |
| ५. | बड्डाँडा मान्द्र सडक अधुरो हुँदा जनताले सास्ती पाए । | अध्यक्ष | | |
| ६. | सरुमारानी ४ धनकोट हुँदै भिंगृखोला जाने सडक अधुरे रहयो । | अध्यक्ष | | |
| ७. | हंसपुर बृहत खानेपानी आयोजना किन अझै भएन । | अध्यक्ष | | |
| ८. | १ नं. वडा कार्यालयमा आफ्नो गेट पनि छैन, पिउने पानी छैन, शौचालय व्यवस्थित छैन । | अध्यक्ष | | |
| ९. | २ नं. वडा कार्यालय क्षेत्रमा सडक वत्तिको व्यवस्था हुनुपर्ने । | अध्यक्ष | | |
| १०. | बजार सरसफाईमा ध्यान दिनुपर्ने । | अध्यक्ष | | |
| ११. | विद्यालयहरुमा अपांगमैत्री, बालमैत्री खानेपानी, शौचालय बनाउनु पर्ने (३ नं. वडा) | अध्यक्ष | | |
| १२. | ३ नं. वडा कार्यालयमा समेत खानेपानीको समस्या | अध्यक्ष | | |
| १३. | विद्युत विस्तारलाई व्यवस्थित गर्नुपर्ने, पोल टाढाटाढा भएको । (३ नं. वडा ढावमा) | अध्यक्ष | | |
| १४. | बाखा खोर सुधार कार्यक्रम ल्याउनुपर्ने । | अध्यक्ष | | |
| १५. | बालविकास आधारभुत विद्यालय सरुमारानी २ मा जिर्ण भवन मर्मत गर्नुपर्ने । | अध्यक्ष | | |
| १६. | बास्तविक किसानले अनुदान पाएनन् । २ नं. वडा रत्ने, ढाडा | अध्यक्ष | | |
| १७. | | प्र.प्र.अ./अध्यक्ष | | |
| १८. | वड्डाँडा, धनकोट, बुढिचौर हुँदै सौराकोट सडक बन्न नसकेको । डिपिआर भएको भनिए पनि काम नभएको । | अध्यक्ष | | |
| १९. | वायुपंखे चुलो वितरण विपन्न वर्गमा पुग्न सकेन । टाठाबाठाले पाए । | अध्यक्ष | | |

| | | | | |
|---|---|---|---|---|
| २०. | सिफारिस शुल्क मगंहो भएको । (सुधार गर्नुपर्ने सिफारिसहरुमा समेत पुन: शुल्क तिर्नुपरेको ।) | अध्यक्ष | | |
| २१. | छत्रवास बालविकास भवन निर्माण पुरा किन हुन सकेन ? | अध्यक्ष | | |
| २२. | प्यालिको बाजामा रेडक्रस भवन अधुरो भयो ? मञ्च पुरा हुन सकेन । | अध्यक्ष | | |
| २३. | वडा कार्यालयमा कर्मचारी अभाव छन् । (१ नं. वडा) | प्र.प्र.अ. | | |

**बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-**

(गाँऊपालिका र वडा कार्यालयबाट सेवा लिई फर्किएकाहरु सहभागी)

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | १८ | ३२ | ५ | ६ | ५ | ११ | ४ | ५ | ४ | ९ | ० | १ | |

## २. नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) बाट :

**नागरीक प्रतिवेदन पत्र संकलनका क्रममा संकलन भएका सवाल तथा सुझावहरु :**

| क्र.सं. | सवालहरु | कार्यालय वा संस्था | जवाफ | कैफियत |
|---|---|---|---|---|
| १. | सार्वजनिक महत्वका सूचनाहरु समयमै पुग्न नसकेको । वडा कार्यालय मार्फत वस्ति सम्म पुर्‍याउनु पर्ने । कतिपय सूचना म्याद गुज्रिएपछि थाहा हुने गरेको । | पालिका | | |
| २. | थक्लेनी मुर्कुटी सडकको वायखोलामा कल्वर्ट बने पनि जालि लगाएर संरक्षण गर्नुपर्ने । वजेट अनुसार पुरा काम किन नभएको ? बजेट अनेत्र लगिएको । | पालिका | | |
| ३. | दररेट बजार भाउ अनुसार नभएको गुनासो | पालिका | | |
| ४. | घोप्टेचार खानेपानीको काम सम्पन्न भएको तर भुक्तानी नभएको गुनासो । | पालिका | | |

**नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण (सार्वजनिक सुनुवाई संचालन हुने सेवा क्षेत्र भित्रका सहभागीहरु)**

| जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | ब्राम्हण | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | |
| ५० | १७ | ३३ | ३ | ५ | ८ | १३ | ५ | ७ | १ | ८ | ० | ० | |

**प्रतिवेदन दिएको मिति : २०७८ चैत्र ६ गते ।**

**सहजकर्ता गर्नेको दस्तखत :**


दोस्रो चौमासिक




दोस्रो चौमासिक
सार्वजनिक सुनुवाई कार्यक्रम